अरुण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

प्याउली, भोजपुर

१ नं प्रदेश

## मेशिनरी सामान खरिद सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७५।०५।२७

यस गाउँपालिकालाई आवश्यक पर्ने तपसिल बमोजिमका मेसिनरी सामानहरु खरिद कार्य गर्नुपर्ने भएकाले नेपाल सरकारबाट सो सम्बन्धी कार्यका लागि इजाजत प्राप्त इच्छुक फर्म/कम्पनीहरुबाट उल्लेखित कागजात संलग्न राखी रु. १० को टिकट साथ रीतपुर्वक निवेदन पेश गरी देहाय बमाजिम छुट्टाछुट्टै प्याकेज अनुसारको फाराम खरिद गर्न सकिनेछ । सोसम्बन्धी थप कुरा बुझ्नु परेमा कार्यालय समयभित्र यस मोवाइल नं. ९८५२०८२३३३ वा ९८५२०५२२३२ मा सम्पर्क गर्नुहुन सूचित गरिन्छ ।

तपसिल

| प्याकेज नं. | खरिद सम्बन्धी विवरण | खरिद विधि | फारम दस्तूर | वोलपत्र जमानत रकम | फारम खरिद गर्न सकिने अन्तिम मिति | पेश गर्ने अन्तिम मिति | खोलिने मिति र समय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ००३/०७५-७६ | Back hoe Loader खरिद | वोलपत्र | रु. ३०००/- | १३५०००/-(एक लाख पैतीस हजार) | २०७५/०६/२५ अपरान्ह ५:०० बजे भित्र | २०७५/०६/२६ मध्यान्ह १२:०० बजे | २०७५/०६/२६ अपरान्ह २:०० बजे | |
| ००४/०७५-७६ | चार पांग्रे हलुका सवारी साधन | वोलपत्र | रु. ३०००/- | १२००००/-(एक लाख वीस हजार) | २०७५/०६/२५ अपरान्ह ५:०० बजे भित्र | २०७५/०६/२६ मध्यान्ह १२:०० बजे | २०७५/०६/२६ अपरान्ह २:०० बजे | |

**फारम खरिद गर्न निवेदनसाथ आवश्यक कागजातहरु (नोटरी पब्लिकबाट प्रमाणित)**

-फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि
-मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्रको प्रतिलिपि
-आर्थिक वर्ष ०७४/७५ को करचूक्ता प्रमाणपत्रको प्रतिलिपि

**शर्तहरु:**

१. वोलपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनसम्ममा कार्यालय समयभित्र यस गाउँपालिकाको कार्यालय, प्याउलीबाट रु. ३०००।- (तीन हजार) नगदै प्रति प्याकेज (पछि फिर्ता नहुने) बुझाई खरिद गर्न सकिनेछ।

२. वोलपत्र फारम फारम खरिद गर्न फर्मको दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्वर (PAN) लिएको र मूल्य अभिवृद्धि कर प्रयोजनको लागि दर्ता भएको दर्ता प्रमाणपत्र आ.व. ०७४।७५ को कर चुक्ता प्रमाणपत्रहरुको प्रतिलिपी, नोटरी पब्लिकद्वारा प्रमाणित प्रतिलिपीहरु संलग्न राखि पेश गर्नुपर्नेछ।

३. वोलपत्र फाराम यो सूचना प्रकाशित भएको मितिले ३१ (एकतीसौं) औं दिन दिउँसो १२:०० बजेसम्ममा यस गाउँपालिका कार्यालयमा दर्ता गर्नुपर्नेछ। रीतपूर्वक दर्ता भएको वोलपत्रहरु सोही दिन अपरान्ह १४:०० बजे सम्बन्धित वोलपत्रदाताको प्रतिनिधिको रोहवरमा (उपस्थित नभएपनि) खोलिनेछ।

४. वोलपत्र फाराम फाराम खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन बिदा परेमा लगत्तै कार्यालय खुलेको दिन तोकिएको समयभित्र उपरोक्त समयअनुसार नै हुनेछ।

५. वोलपत्रदाता तथा सिलवन्दी दरभाउपत्रदाताको ग्राह्यता प्रमाणित गर्ने निम्न लिखित कागजातहरु नोटरी पब्लिकद्वारा प्रमाणित गराई वोलपत्र साथ (सिलवन्दी खाम भित्रै) पेश गर्नुपर्नेछ।

क) फर्म वा कम्पनीको दर्ता प्रमाण पत्र (नवीकरण सहित),

ख) मू.अ.कर र स्थायी लेखा दर्ता नम्बर (प्यान) को प्रमाण पत्र,

ग) आ.व. २०७४/७५ सम्मको कर चुक्ता गरेको प्रमाणपत्र,

घ) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४० को उपनियम २(ङ) सँग सम्बन्धीत घोषणापत्र,

६. उल्लेखित सामानहरु यसकार्यालय वाट तयार गरीएको टेक्निकल स्पेसिफिकेसन बमोजिमको हुनु पर्नेछ।

७. वोलपत्र जमानत यस गाउँपालिकाको नाममा राष्ट्रिय वाणिज्य बैंकमा रहेको धरौटी कोष खाता नं. २०४०३०३००७१०२ मा जम्मा गरेको बैंक भौचर वा सो रकम बराबरको नेपालस्थित कुनै वाणिज्य बैंकहरुबाट यस गाउँपालिका कार्यालयलको नाममा वोलपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तीमा १२० दिनको मान्य अवधि भएको बैंक ग्यारेन्टी समावेश हुनुपर्नेछ।

८. वोलपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस गाँउपालिकामा सुरक्षित रहेको छ।

९. यस सम्बन्धी अन्य कुरा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र अन्य सम्बन्धित कानून बमोजिम हुनेछ।

१०. वोलपत्र सम्बन्धी अन्य थप कुरा बुझ्नु परेमा कार्यालय समयभित्र सम्पर्क राख्नु हुन सूचित गरिन्छ।